# खाँदबारी नगरपालिका
# सङ्खुवासभा

# १९ औं नगर परिषदबाट पारित
# (आ.ब. ०७२।७३ का लागि)
# नगर विकास नीति, कार्यक्रम तथा बजेट

# खाँदबारी नगरपालिका कार्यालय
# सङ्खुवासभा

फोन नं.: ०२९-५६०१४१, ०२९-५६०२५०, ०२९-५६०१२१,
फ्याक्स : ०२९-५६०२५४
इमेलःkmo_off@wlink.com.np
**Website:**

**प्रमुख अतिथि एवं मानीय सभासद् श्री तारामान गुरुङज्यू,**
**विशिष्ट अतिथि एवं मानीय सभासद् श्री दीपक खड्काज्यू,**
**विशिष्ट अतिथि एवं मानीय सभासद् श्री वेदमाया भण्डारीज्यू,**
**जिल्ला स्थित विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,**
**प्रमुख जिल्ला अधिकारीज्यू, स्थानीय विकास अधिकारीज्यू , गुल्म पति ज्यू प्रहरि नायब उपरिक्षकज्यू लगायत जिल्ला स्थित सुरक्षा निकायका प्रमुख एवं प्रतिनीधि ज्यूहरु, जिल्ला स्थित विभिन्न सरकारी तथा गैह्रसरकारी कार्यालय, संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,**
**विभिन्न क्याम्पस, उच्च मा.वि. तथा विद्यालयका प्रमुख, प्राचार्य एवं प्र.अ. ज्यूहरु,**
**संखुवासभा उद्योग वाणिज्य संघका अध्यक्षज्यू लगायत उद्योगि, व्यवसायी माहनुभावहरु,**
**नेपाल रेडक्रस सोसाईटीका सभापति तथा प्रतिनिधिज्यू,**
**पत्रकार महासंघ, संखुवासभाका अध्यक्षज्यू लगायत सम्पूर्ण पत्रकार महानुभावहरु,**
**निजामती तथा शिक्षक संग सम्बन्धित पेशागत संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,**
**साहित्यकार, कानून व्यवसायी लगाएत प्राज्ञिक क्षेत्रका महानुभावहरु,**
**जिल्ला खेलकुद विकास समितिका प्रमुख लगाएत खेल संग सम्बन्धित सम्पूर्ण महानुभावहरु,**
**आदिवासी जनजाति महासंघका प्रमुख एवं प्रतिनिधिज्यू,**
**वडा नागरिक मंचका संयोजन तथा सदस्यज्यूहरु तथा एकिकृत योजना तर्जुमा समितिका पदाधिकारीज्यूहरु,**
**अन्य लक्षित समूहका संगठित संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,**
**टोल विकास संस्था समन्वय समितिका संयोजकज्यू तथा सम्पूर्ण टोल विकास संस्थाका अध्यक्षज्यू लगाएत सदस्यज्यूहरु,**
**विभिन्न क्लब तथा सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु,**
**कार्यालयका कर्मचारी साथिहरु,**
**खाँदबारी एफ.एम., गुराँस एफ.एम.,सुनाखरी एफ.एम. सुनिरहनु भएका सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु तथा नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु ।**

खाँदबारी नगरपालिकाको १९ औं नगरपरिषदद्धारा पारित आ.ब. ०७२/७३ को बजेट, नीति तथा कार्यक्रम यहाँहरु माझ प्रस्तुत गर्न पाउंदा अत्यन्तै गौरवान्वित महसुस भएको छ । यस अवसरमा म विभिन्न समयमा यो देशको राजनीतिक तथा सामाजिक परिवर्तनको लागि आफ्नो अमुल्य जीवन आहुती दिनु हुने महान शहिदहरूको संझना गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

साविक माल्टा, मनकामना र पांमा गरी तीन वटा गाउँ विकास समितिलाई समेटेर वि.स. २०५३ सालमा गठन भएको यस नगरपालिका विश्वको सबैभन्दा होचो उपत्यकाको रुपमा परिचित अरुण उपत्यकालाई समटेर रहेको यस नगरपालिकालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्म चिनाउने अवसर हामी संग छ । पूर्वमा मयम देखि पश्चिमका चेवा सम्म र उत्तरमा करिब करिव २००० मिटरको उचाईमा रहेको छ्याङकुटीडाँडा हुँदै दक्षिणमा अरुण नदी सभाखोलाको संगम स्थल सम्म ८२ वर्ग कि.मी. भित्र फैलिएको यस नगरपालिका प्राकृतिक विविधताका साथै सांस्कृतिक, भाषिक र जातीय विविधताले भरिपूर्ण छ । यो विविधता हाम्रो चिनारी हो र विकास र सामाजिक एकताको आधार पनि हो । बहुचर्चित अरुण तेस्रो विद्युत आयोजनाको निर्माण कार्य थालनी हुने निश्चितताले यस नगारपालिकाको विकासमा थप उर्जा मिल्ने र नगरपालिकाको विकासले थप द्रुत गति तय गर्ने विश्वास गरको छु । प्राकृतिक, धार्मिक, सांस्कृतिक, भाषिक र जातीय विविधताले स्वदेशी तथा विदेशी पर्यटकको लागि आकर्षक र रमणीय स्थलको रुपमा विकास गर्न सकिने सम्भावना, अरुण तेस्रो विद्युत आयोजना निर्माण तथा संचालन हुँदा यस नगरपालिकाले लिन सक्ने फाईदा, सोही आयोजनाको कारण नगरवासीहरुको लागि सिर्जना हुने रोजगारीका अवसरहरु, नगरपालिकाले व्यापक रुपमा बृद्धि गर्न सक्ने आन्तरिक श्रोतको सम्भावना र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अनुदान साथै विभिन्न विकास साझेदारहरुबाट हुन सक्ने लगानीले गर्दा यस नगरपालिकाले निकट भविष्यमै भौतिक, आर्थिक तथा सामाजिक विकासमा फड्को मार्न सक्ने निश्चित छ । किमाथांका-जोगवनी राजमार्ग निर्माणको लागि नेपाल सरकारले यथेष्ट बजेट व्यवस्था गरी निर्माण भई रहेको र सो मार्ग यसै नगरक्षेत्रको बीच भई जाने भएकोले एसियाका दुई ठुला अर्थतन्त्र भएका चीन र भारत जोड्ने भएकोले त्यसबाट यस नगरपालिकाले पर्याप्त फाईदा लिन सक्ने सम्भावना छ । यसका लागि खाँदबारी नगरपालिका र सम्पूर्ण नगर विकासमा संलग्न व्यक्ति तथा संघसंस्थाहरुले रणनीतिक रुपमा अगाडि बढ्नु पर्ने देखिन्छ ।

स्थानीय निकायहरु विकेन्द्रीकरणको सर्वमान्य सिद्धान्त तथा स्थानीय स्वायत्त शासन ऐन, नियमावलीको भावना अनुसार जनप्रतिनिधिबाट परिचालन हुनु पर्नेमा, आज मुलुक विगत लामो समयदेखि जनप्रतिनिधिविहीन रहेको तथा जनप्रतिनिधिको जिम्मेवारी र अधिकार पनि कार्यकारी अधिकृतबाटै बहन गर्नु पर्ने स्थिति रहेको कारणले आज खांदबारी नगरपालिकाको १९ औ नगर परिषद्बाट पारित नीति, कार्यक्रम र बजेट मैले प्रस्तुत गर्नु परिरहेको व्यहोरा यहाँहरू सामु अवगतै छ । ०६२/६३ को आन्दोलन पछि स्थानीय निकाय संचालन गर्न नेपाल सरकारद्धार गठित सर्वदलीय संयन्त्र पनि खारेज भई सकेको अवस्थामा नगरपालिकाबाट जनपक्षिय निर्णय होस् र नगरपालिकाको कृयाकलापले नगरवसीको अधिकतम हित होस् भन्ने हेतुले हामीले समय समयमा सर्वदलीय बैठक आयोजना गरी त्यसबाट प्राप्त सुझाव र मार्गदर्शनलाई आत्मसाथ गरी कार्य गर्दै आएका छौं । हामीले आयोजना गरेका बैठकहरुमा सबै राजनीतिक दलको तर्फबाट सक्रिय उपस्थिती र गहन सुझाव र मार्गदर्शन प्राप्त भएको छ । यस्ता सर्वदलिय बैठकहरुमा बहुमत र अल्पमतमा विभाजित नभई सधैं सहमति र सौहाद्रतामा निर्णय हुने गरेको कुरा अन्य स्थानहरुमा भन्दा अनुकरणीय रहेको यो अभ्यास र राजनीतिक

दलहरुको सदासयता नगरको विकासमा थप कोषे ढुङ्गा सावित हुने देखिएको छ । यस्तो अभ्यासलाई निरन्तरता दिनको लागि पनि म सम्बन्धित सबैमा आग्रह गर्दछु ।

स्थानीय विकासमा स्थानीयबासीहरुकै सहभागिता र अपनत्व रहनु पर्छ । आफ्नो ठाउँको विकास अरु कसैले अन्तैबाट आएर गरोस् भन्ने भावनाले विकासको गति सुस्त हुने र त्यसले गर्दा कालान्तरमा आफु र आफ्नै सन्ततीलाई बेफाईदा हुने कुरा हामी सबैले मनन् गर्नुपर्छ । नगरपालिकासंग निहित समस्या कुनै एउटा व्यक्ति विशेषको समस्या होईन यो सम्पूर्ण नगरवासीको समस्या हो, त्यसैले त्यस्ता समस्याहरुलाई सबैले मनन गरी सबै मिलेर समाधानको प्रयास गरेमा मात्र दिगो समाधान निस्किन्छ । जनताको विकास प्रतिको अधिक इच्छा शक्तिलाई एकैपटक सम्बोधन गर्न नसकिएको कारणले गर्दा उत्पन्न हुने असन्तुष्टि, कतिपय अवस्थामा कर्मचारीद्धारा संचालित स्थानीय निकायहरु प्रति जनताको विश्वास र अपनत्वको कमी, सिमिति श्रोत साधन, भौगोलिक विकटता जस्ता समस्या र चुनौतिका बापजुद पनि बढी भन्दा बढी स्थानीयवासीको मन जित्ने र सबै नगरवसीलाई विकासको प्रतिफल समानुपातिक र समन्यायिक तरिकाले वितरण गर्न सकियोस् भन्ने कुरामा नगरपालिका सधैं सचेत छ र प्रयासरत छ । परिणमस्वरुप जनसन्तुष्टिको स्तर बढ्दै गएको महसुस भएको छ । स्थानीय विकासको लागि जनसहभागिता एउटा महत्वपूर्ण पाटो हो तर हाल सम्म पनि स्थानीय स्तरमा उति धेरै जन सहभागिता जुट्न नसकेको कारण पनि नगरपालिकाको विकासले द्रुत गति लिन नसकको महसुस भएको छ । नगरपालिकाद्धारा संचालित योजनाहरुमा जनसहभागितालाई बढवा दिई संचालन गरी दिनु हुन म सम्बन्धित सबैमा यसै अवसरमा आग्रह पनि गर्न चाहन्छु । स्थानीय निकाय संचालन गर्ने सन्दर्भमा यस्तो विषम परिस्थितमा यस नगरपालिको १९ औं नगरपरिषद्वाट पारित गरिएको बजेट, नीति तथा कार्यक्रम (नगर विकास योजना) यहाँहरु माझ प्रस्तुत गरी रहँदा सिमित श्रोत र साधनका बाबजुद नगरवासीका आवश्यकत्ता र मागहरुलाई उचित संबोधन गर्ने भरमग्दुर प्रयत्न गरिएको कुरा अनुरोध गर्न चाहान्छु ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९, न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६६ लगाएत स्थानीय निकायलाई नियमन गर्न बनेका कानूनहरुको पालना गरी सोही अनुरुप जनताको  हितलाई ध्यानमा राखी हामी कार्यसम्पादन गर्दै आएका छौं । यसका लागि सबै क्षेत्र, वर्ग, तहतप्काबाट भरपुर सहयोग पनि प्राप्त गर्दै आएका छौं । खाँदबारी नगरपालिका न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको स्तरमा क्रमशः प्रगति उन्मुख छ । नगरपालिकाको लागि तोकिएका न्यूनतम शर्त पुरा गरी कार्यसम्पादन मापनमा उच्चतम अंक ल्याई केन्द्रिय अनुदानमा भारी बढोत्तरी गर्न प्रयासरत छौं यसको लागि यहाँहरु सम्पूर्णको साथको अपेक्षा गरेको छु ।

उपलब्ध सिमित श्रोत साधन र जनशक्तिले नगरका विविध किसिमका समस्या र चुनौतिहरुलाई हामीले सोचे जस्तो गरी एकै पटक समाधान गर्न नसकिने यथार्थ हामीले स्वीकार गर्नै पर्ने रहेछ । चालु आ.व.को योजनाहरु कार्यान्वयनकै क्रममा १९ औं परिषद् गरी रहंदा यस वर्षका प्रगतिहरु नागरिकहरुलाई अनुभूत हुने गरि सतहमा स्पष्ट आई नसकेता पनि केहि आश लाग्दा संकेतहरु भने देखिएको हामीले ठानेका छौं । फोहोर मैला व्यबस्थापनका संघिय मामिला तथा स्थानिय बिकाश मन्त्रालय र यस नगारपालिकाको लागत सहभागितामा खाँदबारी न.पा. १२ सुकेस्वाँरा मा ल्याण्डफिल साईटको लागि जग्गा खरिद कार्य सम्पन्न भई सकेको छ । ल्याण्डफिल साईट सम्म जाने पहुँचमार्ग विस्तार गरी खाँदबारी खानेपानी तथा सरसफाई संस्थाको सहयोगमा यसै आ. व. देखि फोहोरमैला व्यवस्थापन कार्य थालनी गर्ने तयारी छु । नगरवासीको मागलाई ध्यान दिई सम्भावित आगलागिका घटना नियन्त्रण गर्न दमकल खरिद गर्ने कार्यको प्रकृया शुरु भई सकेको छ । नगरपालिकाको आन्तरिक आय अभिबृद्धि गरी आत्मनिर्भर बनाउने प्रयास स्वरुप खाँदबारी नगरपालिका १, भानुचोक स्थित नगरपालिकाको जग्गामा सपिङ कम्प्लेक्स निर्माण गर्न ठेक्का व्यवस्था गर्ने प्रकृया शुरु गरीएको छ । यसका अतिरिक्त विगतका नगरपरिषदले निर्णय गरी नगर को विकासको लागि सडक, विद्युत, खानेपानी, सिंचाई, सामाजिक विकास लागाएतका क्षेत्रमा गरेको लगानिले नगरपालिकाले उल्लेखित क्षेत्रको विकासमा फड्को मार्ने जमर्को गरिरहेको अनुभुत गरेको छु । आगामी वर्षको नगर विकास योजनाको निर्माण गर्दा महिला, दलित, आदिवासी जनजाति, वालबालिका, अपाङ, जेष्ठ नागरिक तथा बन्चितीमा परेकाहरु वा लक्षित वर्गहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रकृयामा समानुपातिक सहभागितालाई समेत सुनिश्चित गर्ने प्रयास गरिएको हुंदा यो नगर विकास योजना सम्पूर्ण नगरवासीको साझा योजना र कार्यक्रमको रुपमा परिणत हुनेछ र यसमा सबैले अपनत्व बोध गर्नु हुनेछ भन्ने मैले विश्वास लिएको छु । योजना प्रक्रियमा देखिएको उत्साहपूर्ण सहभागिता उपलब्धिको वांडफांड सम्म कायम रहने छ भन्ने मैले ठानेको छु ।

खाँदबारी नगरपालिकाले सिमिति श्रोत साधन र जनशक्तिका बाबजुद १८ औं नगरपरिषद्बाट पारित आ.ब.०७१।०७२ को नगर विकास योजनामा परिलक्षित गरेका बिभिन्न कार्यक्रमहरुको कार्यान्वयन गरिरहेको सर्ब बिदीतै छ । आ.ब. को करिब मध्य अबधिमा यो १९ औं परिषद् भईरहेको ब्यहोरा यहाँहरु सबैमा बिदीतै छ । बिगत लामो समय देखिनै हामी नगर क्षेत्रको शहरी पूर्बाधार निर्माणकै क्रममा लागी रहेका छौं । यद्यपी  शहरी सेवा ब्यवस्थापनमा हामीले चाहे जस्तो प्रगति हाँसिल गर्न सकेका छैनौं । नगरबासिका आबश्यकताहरुको उचित सम्बोधन अझै पनि सोचे जस्तो रुपमा गर्न नसकिएको हामीले स्वीकार गर्नै पर्छ । हामीले अझै पनि आधारभूत सेवाहरुको प्राप्तिका लागि नै बढी श्रोत र समय खर्चिनु परिरहेकै छ । चालु आ.ब.मा योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्नन, खर्चको पारदर्शिता सेवा प्रबाहमा प्रभावकारीता बृद्धि गर्ने तर्फ हामी प्रतिबद्ध छौं ।

न.पा. विकासको दिगो आधार आन्तरिक श्रोत नै रहेको सत्य तथ्यलाई हृदयंगम गरी यसका दायरा फराकिलो पार्ने तथा राजस्व सम्भाव्यता अध्ययनलाई फराकिलो बनाई वैज्ञानिक पद्दतिको कर निति अवलम्वन गरिएको हुँदा आगामी आ.ब.मा समेत बिगत

परिषदबाट लिईएको कर नीतिलाई परिमार्जन सहित अबलम्बन गरिएको छ यसका लागि बिभिन्न संघ संस्था, सरकारी तथा गैह्रसरकारी निकाय, सामाजिक संजालहरु र सम्पूर्ण नगरवासिहरुको साथ सहयोगको अपेक्षा गरेको छु भने हाल सम्मको सहयोग र सदासयताका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी आ.ब. ०७२।७३ नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### ३.१ वडास्तरीय योजना तर्फ :

- नगरपालिकाको सम्पुर्ण वडाहरुबाट प्रति वडा रु. ४,००,०००। रुपयाँबाट वडामा छलफल भई पारित गरी आएका योजनाहरुलाई जस्ताको त्यस्तै अनुमोदन गरि कार्यान्वयनको व्यवस्था मिलाईने छ ।
- वडा नागरिक मञ्च र टो.बि.स.समन्वय समितिलाई क्रियासिल बनाईने छ ।
- सामाजिक क्षेत्रको बिकाश, आय आर्जन, फोहोर मैला व्यवस्थापन लगायत गरिबी न्युनिकरणमा सहयोग पुग्ने कार्यक्रम संचालन गर्ने टो.बि.स. हरु लाई प्रोत्साहन गरिने छ ।
- नगर क्षेत्रलाई सफा, स्वच्छ र हराभरा बनाई नगरबासीको वातावरण सम्बन्धि संबिधान प्रदत्त हकलाई सुनिश्चीत गर्न वाताबरण मैत्री स्थानिय शासन लागु गरिने छ । फोहोर मैला संकलन तथा ब्यवस्थापन कार्यको लागी खाँ.न.पा. १२ सुकेस्वाँरामा ल्याण्ड फिल्ड साईटको लागी जग्गा खरिद कार्य सम्पन्न भई सकेकाले फोहोर मैला ब्यवस्थापन कार्य चालु आ.ब. देखिनै संचालन गरिने छ । यसका लागी बजेटको समेत ब्यवस्था मिलाईने छ ।

### ३.२ खानेपानी तर्फ :

- खाँदबारी साना शहरि खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई खानेपानी व्यवस्थापन गर्न आबश्यक सहयोग गरिने छ । उक्त संस्थालाई नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियानमा सहयोग गर्न उत्प्रेरीत गरिने छ ।
- खानेपानीको समस्या समाधान गर्न खानेपानी तथा सरसफाइ सव-डिभिजन कार्यालयसँगको सहकार्यमा आवश्यक कार्य गरिने छ ।
- नगर क्षेत्रमा रहेका खानेपानीका मुहानहरुको वरिपरि वातावरणीय तथा सरफाइ तथा संरक्षण गर्ने कार्यक्रम सञ्चालन गर्न यस क्षेत्रमा काम गरिरहेका संस्थाहरुसंग आवश्यक सहकार्य गरिने छ ।

### ३.३ सडक यातायात तर्फ :

- नगर क्षेत्र भित्रका प्रमुख सडकहरुलाई मर्मत सम्भार गरि बाह्रै महिना यातायात संचालन हुने बनाउन प्राथमिकता दिईने छ, । यसका लागि सडक कार्यालयसंग आवश्यक समन्वय गर्नुका साथै मर्मत सम्भार कोषको रकममा बृद्धि गरि मर्मत सम्भार कार्यलाई थप व्यवस्थित बनाईने छ ।
- लामो समयदेखि समस्याको रुपमा रहेको अरुण प्रवेशमार्गको दायां बायांको मुआब्जा लिएको जग्गा छुट्टयाई लगत कट्टा गर्ने कार्य यथासिघ्र सम्पन्न गर्न सक्रियता देखाइने छ साथै नगर क्षेत्र भित्र रहेका सडकहरुको लगत कट्टा गर्ने कार्य सम्बन्धित निकायहरुको सहकार्यमा कार्य सम्पन्न गरिने छ ।
- सडक यातायातलाई ब्यवस्थित गर्न जिल्ला प्रशासन कार्यालय, संखुवा सभा यातायात व्यवसायी सङ्घ, उ.बा. संघ र जिल्ला प्रहरि कार्यालय संग आबश्यक समन्वय गरिने छ ।
- नगरपालिकाको स्वामित्वमा रहेको बसपार्कलाई व्यबस्थित गरी संचालनमा ल्याउन आबश्यक कार्यको थालनी गरिने छ ।
- नगरपालिकाको सर्बाङ्गीण बिकासलाई टेवा पुर्‍याउने गरि शहरी बिकास मन्त्रालयको समेत सहयोगमा बृहत्तर शहरि बिकास योजना निर्माण गरि कार्यान्वयन गरिने छ । स्थानिय शासन तथा सामुदायीक बिकास कार्यक्रमको आर्थिक सहयोगमा चालु आ.ब.मा नै नगर स्तरिय यातायात गुरुयोजना निर्माण गर्ने कार्य थालनी गरिने छ ।

### ३.४ विद्युत तर्फ

- बिद्युत नपुगेका बिभिन्न वडाका बस्तीहरुमा नेपाल बिद्युत प्राधिकरणसंग समन्वय गरि विद्युतीकरणको कार्य अगाडि बढाईने छ ।
- खाँदबारी बजारको केहि भागमा नीजि क्षेत्रले सडक बत्ति ब्यवस्थापन गरेको कार्य अनुकरणीय एवं नमुनायोग्य कार्य भएकोले उत्त कार्यको प्रसंसा गर्दै खाँदबारी बजारका बाँकी भाग तथा मानेभन्ज्याङ्ग , नयाँबजार र तुम्लीङ्गटार जस्ता प्रमुख बजार केन्द्रहरुमा टोल विकास संस्थाहरूलाई प्रत्यक्ष सहभागी गराई सो कार्य साझेदारीमा गर्ने व्यवस्था क्रमस मिलाउँदै लगिने छ ।
- नगर क्षेत्रभित्र असुरक्षित रुपमा रहेको ट्रान्समिटर लगायत कतिपय स्थानमा लड्ने अवस्थामा रहेका विद्युत पोल र झुण्डिएको विद्युत तारलाई व्यवस्थित गर्न बिद्युत प्राधिकरणलाई अनुरोध गरिने छ ।

### ३.५ पर्यटन तथा संस्कृति तर्फ :

- नगर क्षेत्र भित्रका आकर्षक पर्यटकिय गन्तब्य को पहिचान, प्रबर्द्धन र बिकाशको लागी नीजी क्षेत्र संग सहकार्य गरि गुरुयोजना निर्माण गरिने छ ।
- विगतमा घोषणा गरेको खाँ.न.पा. ५ स्थित सेकाहागाउंलाई पर्यटकीय गाउं बनाउन होम स्टे संचालन भई रहेको र उक्त कार्यक्रमलाई थप सुधार गर्दै लगिने छ ।

- गाउं र नगरलाई जोड्ने निकै रमणीय स्थान लहरी, छ्याङ्कुटी डांडा, थालडाँडा लगायत अन्य पर्यटकिय गन्तव्यको प्रबर्धनका लागी सरोकारवालाहरुको भ्रमण गराई सम्भाब्यता पहिचान  गरिने छ।
- ऐतिहाँसिक, एवं धार्मिक स्थानहरुको संरक्षण र संबर्द्धन गर्न स्थानीय टोल विकास संस्थाहरूलाई परिचालन गरिने छ।
- मनकामना मन्दिर क्षेत्रलाई पूर्बकै प्रमुख धार्मिक पर्यटकिय क्षेत्रको रुपमा बिकाश गर्न ब्यापक प्रचार प्रसार तथा आवश्यक मर्मत सम्भारका लागि पहल गरिने छ।

**३.६ कृषि तर्फ :**

- कृषि क्षेत्रको बिकाशको लागी एवं कृषिको आधुनिकीकरणमा ध्यान दिदैं सिंचाई क्षेत्रमा रकम बिनीयोजन गरिने छ।
- कृषि उपजको सुरक्षित भण्डारणको लागी खाँ.न.पा. ३ स्थित मानेभन्ज्याङ्ग कृषि बजारको जग्गामा शीतभण्डार निर्माणको लागि जिल्ला कृषि विकास कार्यालय, उच्च हिमाली आयोजना,जिल्ला पशुसेवा कार्यालयसँग समन्वय गरी आवश्यक पहल गरिने छ।
- खाँदबारी बजारमा समस्याको रुपमा रहेको पशु बधशाला निर्माण कार्यका लागि जिल्ला पशुसेवा कार्यालयसंग समन्वय गरि कार्य गरिने छ।
- मासु पसल संचालनको मापदण्ड निर्धारण गरि कडाईका साथ लागु गरिने छ।

**३.७ शिक्षा र खेलकूद तर्फ :**

- नगरपालिका क्षेत्र भित्रको समग्र शिक्षा प्रणालिलाई सबै सरोकारवालाहरुको सहयोग प्राप्त गरि ब्यवस्थित गर्न नगर शिक्षा योजनाको निर्माण गर्न क्रियासिलता देखाईने छ।
- बिद्यालय जान पहुँच नपुगेका बालबालिकालाई शिक्षाको पहुँच पुर्‍याउन नेपाल सरकारले संचालन गर्ने बिद्यालय भर्ना अभियान तथा बाल शिक्षा कार्यक्रमलाई  जि.शि.का. संग समन्वय गरि प्रभावकारी बनाईने छ।
- खाँदबारी नगरपालिका वडा नं १ स्थित फुटबल खेलमैदानलाई रंगशालाको रुपमा विकास गर्न लागत स्टिमेट बनाई भारतीय राजदुतावास एवं अन्य निकाय समक्ष सहकार्य गरिनेछ।
- खाँदबारी नगरपालिका वडा नं ४ मा रहेको पाङमा खेलमैदानको निमार्ण तथा व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ।
- जिल्ला खेलकुद बिकाश समिति र नगर खेलकुद समिति संग समन्वय गरि नगर भित्रका खेलकुद गतिबिधिहरु संचालन गरिने छ।
- नगरको केन्द्रमा रहेको नयां टुंडिखेललाई अझ व्यवस्थित गर्न खेल मैदान सम्म जाने सडकको स्तर उन्नती गरिने छ।

**३.८ लक्षित समूह कार्यक्रम**

**महिला**

- महिला हिंसा कम गर्न विभिन्न विद्यालयहरुमा  केन्द्र बनाई सचेतना कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य चौकी स्थापना तथा संचालनको लागी आवश्यक सहयोग गरिने छ।
- स्वास्थ्य स्वयंसेवीका हरुलाई प्रोत्साहन गरिने छ।
- गरिब महिलाहरुको सामुदायिक संस्था गठन एवं बिस्तारमा सहयोग गरिने छ।
- स्वास्थ्य चौकी एवं उपस्वास्थ्य चौकीहरुको संस्थागत सुधारका कार्यक्रम गरिने छ ।
- महिला हरुको क्षमता बिकाश, ससक्तिकरणको लागी विभिन्न कार्यक्रमहरु गरिने छ।
- बिपन्न बर्गका महिलाहरुको आयस्तर बढाउने कार्यक्रम गरिने छ।
- लोक सेवा आयोगको तयारी कक्षा संचालन गरिने छ ।
- महिला, विपन्न, दलित तथा मजदुर महिलाहरुलाई रोजगार प्रवर्द्धन गर्ने खालका शीपमूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- महिलाको क्षेत्रमा कार्यरत बिभिन्न संघ संस्थाहरु संग समन्वय गरि महिला समुहबाट प्राप्त मागहरुलाई सम्बोधन गरि कार्यन्वयन गरिने छ।

**३.९ सबै जात जातिका आथिक रुपमा बिपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका बर्ग दलित,आदिबासी/जनजाति, भिन्न क्षमता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक, अपाङ्ग, मधेसी, मुस्लीम, पिछडा बर्ग, यौनिक तथा लैंगिक, अल्प संख्यक लगायत अन्य पिछडिएको बर्ग**

- विपन्न दलित वस्तीहरुमा स्वास्थ्य सरसफाई तथा शौचालय निर्माण कार्यक्रम संचालन गरिने छ।
- बिद्यमान ऐन तथा नीति नियम सम्बन्धि अभिमुखिकरण तालिम कार्यक्रम संचालन गरिने छ।
- दलितहरुको जिवनस्तरमा सुधार ल्याउन आय आर्जन कार्यक्रम संचालन गरिने छ।
- आदिबासि जनजातिहरुको ऐतिहाँसिक, साँस्कृतिक पहिचान दिने खालका बस्तुहरुको संरक्षणको लागी आदीबासी जनजाति संग्रहालय निर्माणमा आबश्यक सहयोग गरिने छ।
- नगर भित्रका धार्मिक तथा सांस्कृतिक महत्वका गुम्बा मठ मन्दिरको संरक्षणको लागी आबश्यक बजेट बिनियोजन गरिने छ।

- जेष्ठ नागरिक एवं बृद्ध बृद्धाहरुका लागी आश्रम निर्माणमा सहयोग गरिने छ ।
- नगर भित्रका जेष्ठ नागरिकका लागी सम्मान कार्यक्रम गरिने छ ।
- कृषि व्यवसाय (तरकारी खेती, सिंचाई) मा सहयोग गरिने छ ।
- न.पा. क्षेत्र भित्र रहेका अपांगता भएका ब्यक्तिहरुको लगत संकलन गरिने छ ।
- आदिबासी जनजाती सरोकार वा अन्य यस्तै उपयुक्त नाम दिएर सूचनामा पहुँच पुर्‍याउन एफ. एम. मा प्रचार प्रसार कार्यक्रम गर्न रकमको बिनीयोजन गरिने छ ।
- लोक सेवा आयोग तयारी कक्षा (दलीत, आदीवासी, जनजाति)

**३.९ बालबालिका तर्फ :**

- नगरपालिका भित्र संचालनमा रहेका अनाथलय संचालन र ब्यवस्थापनका लागी सहयोग उपलब्ध गराईने छ ।
- वाल उद्दान निर्माणका लागि पहल गरिने छ ।
- बाल क्लबहरुको माग बमोजिम मनोरन्जनात्मक र शैक्षिक कार्यक्रमहरुलाई आबश्यक सहयोग गरिने छ ।
- बालबालिकाहरुले अध्ययन गर्ने नगरभित्रका बिभिन्न बिद्यालयहरुको भौतिक ब्यवस्थापनमा आबश्यक सहयोग गरिने छ ।
- वालबालिकाको खेलकुद मार्फत शारिरीक एवं मानसिक बिकाश गर्नका लागी खेल क्षेत्रमा आबश्यक वजेटको ब्यवस्था गरिने छ।
- बाल मैत्री स्थानिय शासन पद्धति कार्यान्वयन भई सकेको हुँदा बाल शिक्षा/बालबिकाश केन्द्रलाई सहयोग गरिने छ साथै बालश्रम निवारको कार्यक्रम र असहाय अपांग केन्द्रित कार्यक्रम संचालन गरिने छ ।

**३.१० सामाजिक सुरक्षा तथा सामुदायिक विकास तर्फ :**

- बिपत पूर्बको पूर्ब तयारी, बिपद्को समयमा राहत तथा पुनरस्थापना कार्यमा सहयोग गर्न स्थानिय बिपद जोखिम ब्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने छ । नगर पालिकामा बिपद् ब्यवस्थापन कोष खडा गरि रकम जम्मा गर्ने ब्यवस्था गरिने छ ।
- सामाजिक संस्थाहरुको संस्थागत बिकाश र क्षमता अभिबृद्धिका लागी सहयोग गरिने छ ।
- नगरपालिका भित्र गरिबी नक्साङ्कन गर्न साझेदार निकाय संग समन्वय गरि कार्य गरिने छ ।

**३.११ शहरी सुबिधा ब्यवस्थापन तथा गरिबी न्यूनिकरण :**

- घर नक्सापास कार्यलाई व्यवस्थित र नियमित बनाउन यस नगरपरिषदबाट भवन निर्माण मापदण्ड स्वीकृत गरी यसै आ.व. बाट कार्यान्वयन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र नगरपालिकाको स्वीकृती बेगर कुनै पनि तरिकाले जग्गा प्लटिङ गर्ने तथा बेच बिखान गर्न पाईने छैन । नगरपालिकाको स्वीकृती बेगर मापदण्ड बिपरित जथाभाबी प्लटिङ गरि निर्माण गरिएका सडकहरुमा नगरपालिकाबाट पूर्बाधार बिकासमा लगानी नगर्ने नीति लिईने छ ।
- आगलागी नियन्त्रणका लागी बारुण यन्त्र (दमकल) खरिद गरि त्यसको समुचित संचालन एवं ब्यवस्थापनको कार्य गरिने छ ।
- बस्ती विकास हुने क्षेत्रमा बाटो, ढल र पानीको सुविधा बृद्धि गर्न श्रोत परिचालन गरिने छ ।
- संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय बाट उपलब्ध हुने जगेडा कोष अनुदान र यस नगरपालिकाको लागत सहभागीतामा संचालन हुने योजनाहरु छनौट गर्दा नगरपालिकाको आन्तरिक आय अभिबृद्धि हुने गरि योजनाको छनौट गरिने छ ।
- जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरि कार्यालय समक्ष समन्वय गरि बजार अनुगमन तथा नियमन कार्य लाई कडाईका साथ लागु गरिने छ ।
- नगर भित्र ढल निर्माण को बृहत प्याकेज बनाई लागु गर्ने वा अन्य निकाय समक्ष सहकार्य, समन्वय गरि ब्यवस्थित ढल निर्माण गरिने छ ।
- गरिबी निवारण संम्बन्धि कार्यक्रम बनाई संचलन गरिने छ ।

**३.१२ सूचना तथा सञ्चार तर्फ :**

- नगरपालिकाको गतिबिधिलाई रेडियो तथा पत्र पत्रिका मार्फत नगरबासिहरुमा प्रचार प्रसारको ब्यवस्था मिलाईने छ ।
- जनताको सूचनाको हकलाई अझ बढि सुनिश्चीत गर्न पत्रकारीता क्षेत्रलाई ब्यवसायीक बनाई पत्रकार तथा संचार गृहको क्षमता बिकासलाई प्राथमिकता दिई निश्चीत कार्यक्रम तर्जुमा गरिने छ ।
- नगर सूचना केन्द्रलाई थप ब्यवस्थित गरिनेछ ।
- न.पा.का सबै वडाहरुमा टेलिफोन सेवा बिस्तार गर्न नेपाल टेलिकम संग सहकार्य एवं अनुरोध गरिनेछ ।
- नगरपालिकाको कार्य सम्पादन र गतिबीधिलाई जनस्तरमा बिश्वसनिय र पारदर्शि बनाउन सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई र सार्बजनिक परिक्षण जस्ता कार्यलाई अझ प्रभावकारी रुपमा निरन्तरता दिइने छ ।

- नगर पालिका सम्बन्धि प्रारम्भीक सूचना तथा जानकारीहरु अध्याबधिक रुपमा उपलब्ध गराउन नगरपालिकाको वेभसाईट समय सापेक्ष अद्याबधिक गर्ने कार्य लाई निरन्तरता दिईने छ । नगरपालिकाको पाश्वचित्र अद्याबधिक गरिने छ ।

**३.१३ साझेदार निकायहरूसँग सहकार्य**

- संखुवा सभा उद्योग वाणिज्य संघ संगको सहकार्यमा व्यवशाय कर संकलन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- नगरको व्यापार व्यवसाय, औद्योगिक क्रियाकलाप अभिबृद्धि, बजारको सौन्दर्य अभिबृद्धि लगायतका क्रियालकलापहरूका लागी उद्योगी तथा ब्यापारीहरुका छाता संगठनहरुसँग साझेदारी गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- PPP अवधारणालाई नगरको विकास अभियानमा आत्मसात गरेर कार्यक्रमहरू अगाडि बढाइनेछ र नगरपालिका, गै.स.स. र सहकारी बीच साझेदारी/सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- निजी क्षेत्र संग सहकार्य गरि सेफ्टी ट्यांकी सफा गर्ने उपकरण ल्याउन पहल गरिने छ ।

**३.१४ स्वास्थ्यसम्बन्धी :**

- जिल्ला स्वास्थ्य कार्यालयको सहयोगमा वडा नं. ५ मा नगर स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य शुरु गर्न पहल गरिने छ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई जिल्ला स्वास्थ्य कार्यालय संग समन्वय गरि अगाडि बढाईने छ ।
- नगरमा एम्बुलेन्स सेवालाई संचालन गर्न ने.रे.शो.सं.स. र अन्य संघ संस्थालाई आग्रह गरिने छ ।
- नगरपालिकालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषण गर्न नगरस्तरिय खानेपानी तथा स्वच्छता समन्वय समिति तथा नगरपालिकाका वडा स्तरिय खानेपानी तथा स्वच्छता समन्वय समितिलाई अफ क्रियासिल बनाईने छ । खुल्ला दिशा मुक्त क्षेत्र धोषणा गर्न रणनीतिक योजना बनाई लागु गरिनेछ । पुर्ण खोप अभियानलाई सहयोग हुने कार्यक्रम संचालन गरिनेछ । माथि उल्लेखित कार्यक्रमका लागी बजेट समेत व्यवस्था गरिने छ ।

**३.१५ बन तथा वाताबरण तर्फ :**

- वन र वाताबरण संरक्षणका बिबिध कार्यक्रम संचालन गर्न सम्बन्धित गैह्र सरकारी संस्था र सामुदायिक बन उपभोक्ता महासंघ संगको समन्वयमा कार्यक्रम संचालन गरिने छ ।
- नगरका भूक्षय हुने स्थानहरुको पहिचान गरि भुक्षय नियन्त्रकालागी जिल्ला भू संरक्षण कार्यालय संग समन्वय गरि कार्य गरिने छ ।
- बिकाश गतिबिधिहरुलाई वाताबरण मैत्रि बनाउन आबश्यक ध्यान दिईने छ ।
- नगरपालिकाअन्तर्गत रहेको जग्गा जमिन र संरचनाहरूको लगत अद्यावधिक गर्ने, यस्ता जग्गा जमिन तथा संरचनाको संरक्षण र सुरक्षा गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै नगरक्षेत्र भित्र रहेको सार्बजनिक पर्ति जग्गा पहिचान गरि सो जग्गा न.पा. को स्वामित्वमा ल्याउन पहल गरिनेछ ।
- नगर क्षेत्रलाई सफा, स्वच्छ र हराभरा बनाई नगरबासीको वातावरण सम्बन्धि संबिधान प्रदत्त हकलाई सुनिश्चीत गर्न वाताबरण मैत्री स्थानिय शासन लागु गरिने छ । फोहोर मैला संकलन तथा ब्यवस्थापन कार्यको लागी खाँ.न.पा. १२ सुकेस्वाँरामा ल्याण्ड फिल्ड साईटको लागी जग्गा खरिद कार्य सम्पन्न भई सकेकाले फोहोर मैला ब्यवस्थापन कार्य चालु आ.ब. देखिनै संचालन गरिने छ । यसका लागी बजेटको समेत ब्यवस्था मिलाईने छ ।
- सम्बन्धित सरोकारवाला ब्यक्ति तथा संघ संस्था संग समन्वय गरि खाँदबारी नगरपालिकामा प्लाष्टिक झोला प्रयोगलाई निरुत्साहीत गर्दै प्लाष्टिक झोला प्रयोग निषेध गरिनेछ ।
- वातावरण संरक्षणका लागी वातावरण संरक्षण बिशेस कोष खडा गरिने छ । यस कोषमा रकम जम्मा गर्ने ब्यवस्था गरिने छ ।
- हाल बिश्वमा टर्कारो रुपमा बढ्दै गएको जलबायु परीबर्तन र यसले जनजीवनमा पार्न सक्ने नकारात्मक असरहरुलाई कम गर्न बिशेष कार्याक्रम तर्जुमा गरि कार्यान्वियन गरिने छ ।

**३.१५ कर प्रशासन तर्फ :**

- नगरपालिकाको आन्तरिक आय बृद्धिको लागी करका दायराहरुलाई फराकीलो बनाउदै लगीने छ ।
- कर प्रशासन लाई छिटो छरितो पारदर्शि बनाउन कर उपशाखामा कार्यरत कर्मचारीलाई क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।
- राजश्व परामर्श समितिबाट प्राप्त प्रतिबेदनमा उल्लेखीत सुझाबहरुका आधारमा कर प्रणालीलाई बैज्ञानिक बनाईने छ ।
- एकिकृत सम्पत्ति करको दरलाई पुनरमूल्याङ्कन गरि कार्यान्वयनमा ल्याईने छ ।

**३.१६ कार्यालयको आन्तरिक व्यवस्थापन तर्फ :**

- नगरपालिकाको प्रश्ताबित संगठन एवम् क्षमता विकास योजनाको प्रतिबेदन यसै नगरपरिषदबाट स्वीकृत गरि चालु आ.ब.देखिनै कार्यान्वयन गरिनेछ ।

- मिति २०७१ मंसिर ०२ गते संघिय मामीला तथा स्थानिय बिकास मन्त्रालयका श्रीमान सचिव ज्यू र यस नगरपालिकाका कार्यकारी अधिकृत श्री युवराज आचार्य बिच भएको कार्य सम्पादन संभ्फौता तथा मिति २०७१ मंसिर १७ गते नगरपालिकाका कार्यकारी अधिकृत र शाखा प्रमुख तथा उपशाखा प्रमुख बिच सम्पन्न कार्य सम्पादन संभ्फौतामा उल्लेखित सर्त पुरा गर्न सहयोग हुने योजना तथा कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनछ छ ।
- नगरपालिकाको सेवा प्रवाह प्रक्रियालाई छिटो, छरितो र पारदर्शि बनाउँदै लगिनेछ । सेवा प्राप्त गर्नु सेवाग्राहीको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न कर्मचारीहरुलाई निरन्तर प्रशिक्षित गर्दै  लगिनेछ ।
- कर्मचारीहरूको क्षमता र दक्षता अभिबृद्धिको लागि तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाबाट प्रदान गरिने सेवाहरुका सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि मापन गर्न Citizen Report Card को माध्यमबाट प्राप्त सुभ्फावका आधारमा सेवा प्रवाह प्रणालीमा आवश्यक सुधार गरिनेछ ।
- कामप्रति इमान्दार कर्मचारीलाई प्रोत्साहन र सेवाप्रति लापरवाही गर्ने कर्मचारीलाई सूचाङ्कको आधारमा दण्डित गर्ने व्यबस्थालाई कडाइका साथ अवलम्बन गरिनेछ  ।
- कर्मचारीहरूमा अधिकार प्रत्यायोजन मार्फत न.पा. को सेवासुविधालाई छिटोछरितो गर्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइनेछ  ।
- नगरपालिका कर्मचारी प्रशासनसम्बन्धी विनियम अनुसार वृत्ति विकासको लागि बढुवा, स्तरबृद्धि, दक्षता अभिबृद्धि, तालिम जस्ता सेवा सुविधाको व्यवस्थापन गरी कर्मचारीहरूलाई हरदम उत्प्रेरित गरिनेछ ।

**३.१७ बिबिध :**

- पेश्की बेरुजु लाई कम गर्न पुराना पेश्की फछ्र्यौट हुन बाँकी योजनाहरुको प्रकृया पुर्याई पेश्की फछ्र्यौट गर्ने कार्य तदारुकताका साथ संचालन गरिने छ । अव संचालन हुने योजना तथा कार्यक्रममा पेश्की रकम उपलब्ध नगराईने र कार्य सम्पादनको आधारमा भुक्तानी दिने व्यवस्था मिलाई पेश्की शुन्य गराउने अभियानको थालनी गरिने छ ।
- नगरपालिका बाट संचालन गरिने आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरिबेक्षण गर्न स्थानिय निकाय अनुदान संचालन तथा व्यवस्थापन कार्यबीधि, २०६९ बमोजिम गठिन योजना अनुगमन तथा सुपरिबेक्षण समितिलाई क्रियासिशल बनाई योजनाको गुणस्तर कायम गरिने छ ।
- नगरपालिकाको कार्य सम्पादनलाई सहजता प्रदान गर्न गठित सार्बजनिक नीजि प्रबर्धन समिति, राजश्व परामर्श समिति जस्ता समितिलाई अभ्फ बढि क्रियाशिल बनाईने छ ।
- कला साहित्य, संगीत र खेलकुद लगायत क्षेत्रको बिकास गरि समुन्नत समाज निर्माण गर्न कार्यक्रम तर्जुमा गरि लागु गरिने छ ।
- सर्बदलीय सर्बपक्षिय सहमतिको आधारमा नगरपालिकाका १३ वटै वडाको केन्द्र तोक्ने व्यवस्था गरि सो क्षेत्रमा वडा कार्यालयको लागी निःशुल्क जग्गा प्राप्त गर्न आबश्यक पहल गरिने छ । न.पा.को स्रोत साधन र जनशक्तिले भ्याए सम्म सम्बन्धित वडा बाट सेवा प्रबाहको आबश्यक व्यवस्था मिलाईने छ ।
- नगर बिकास समिति संगको सहकार्य र समन्वयमा नगरपालिकाको सर्बाङ्गीण बिकासमा सहयोग हुने थप स्रोत पहिचान गरि परिचालन गरिने छ ।
- देश बिदेशका बिभिन्न नगरपालिकाहरु संग भगीनी सम्बन्ध कायम गरिने छ । यसबाट अनुभव आदन प्रदान तथ नगरको बिकासमा थप टेवा पुग्ने बिश्वास लिईएको छ ।

**आदरणीय महानुभावहरु,**

अब म आ.व.०७१/०७२ को बजेटको संसोधित अनुमान र आ.व. ०७२/७३ को लागि अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु । चालु आ.व.०७१/०७२ को लागि आम्दानी तर्फ रु. ६,३१,४५,२००।- रहने अनुमान गरेको छु, जसमध्ये संघीय मामिला तथा स्थानीय विकास मन्त्रलय, सडक बोर्ड नेपाल लगाएत निकायबाट प्राप्त हुने निशर्त तथा सशर्त अनुदान (चालु र पूँजिगत) जगेडाकोष समेत रु.४,९९,०१,०००।-, राजस्व बाँडफाँड (मालपोत रजिष्ट्रेशन) रु. ४०,००,०००।-, राजस्व बाँडफाँड (जिविस) तर्फ) रु. ५,००,०००।-, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्मको लागि रु. ३९,१०,०००।-, शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान रु. ६,००,०००।- र आन्तरिक श्रोतबाट रु. ४२,३४,२००।- प्राप्त हुनेछ । उक्त रकमबाट पूँजिगत तर्फ रु. ४,९१,००,०००।- (७७.७५ प्रतिशत) समपूरक कोष समेत र रु. १,४०,४५,२०० ।- (२२.२५ प्रतिशत) चालु खर्च हुने संसोधित अनुमान गरेको छु । आ.व. ०७२/७३ आम्दानी तर्फ कूल रु. ७,०८,७१,५००।०० अनुमान गरिएको छ, जसमध्ये आन्तारिक आम्दानीबाट रु. ५५,५५,५००।-, राजस्व बाँडफाँड (मालपोत रजिष्ट्रेशन दस्तुर) वापत ३४,५०,०००।-, राजस्व बाँडफाँड (जिविस) रु. ६,८०,०००।-, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय निशर्त तथा सशर्त अनुदान (चालु र पूँजिगत) रु.५,४१,८६,०००।-,  सडक बोर्ड नेपालबाट रु.२५,००,०००।-, स्थानीय शासन तथा सामुदायिक विकास कार्यकमको लागि रु. ३९,००,०००।-, र शहरी स्वास्थ्य कार्यक्रम संचालनको लागि रु. ६,००,०००।- प्राप्त हुने अनुमान छ । उक्त आम्दानीलाई पूँजिगत तर्फ रु.५,४८,२७,०००।- (७६.४५ प्रतिशत) समपुरक कोष समेत र चालु तर्फ रु. १,६०,४४,५००।- (२३.५५ प्रतिशत)  हुने गरी बाँडफाँड गरेको छु ।

अन्तमा आ.व.०७२/७३ को नगर विकास योजना तर्जुमाको प्रक्रियामा आफ्नो सक्रिय सहभागिता जनाउनु हुने राजनैतिक दलका प्रमुख तथा  प्रतिनिधिहरु, नगरस्तरीय समन्ववय समितिका पदाधिकारीहरु, राजश्व परामर्श समितिका पदाधिकारीहरु, वडा नागरिक मञ्चका पदाधिकारीहरु, पूर्व जनप्रतिनिधिहरु, उद्योग वाणिज्यसंघ संखुवासभाका पदाधिकारीहरु, समाजसेवी तथा बुद्धिजिवीहरु, पत्रकार महासंघका पदाधिकारीहरु तथा सवै मिडियाका पत्रकारहरु,जेष्ठ नागरिकहरु, वाल क्लवका पदाधिकारीहरु, नगरपालिकाका कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई हृदय देखिनै धन्यवाद दिन चाहान्छु । साथै पारित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका क्रमहरु सम्पूर्ण नगरवासीको सहभागिता, सुझाव, सल्लाहको अपेक्षा पनि गर्न चाहान्छु ।

युवराज आचार्य
प्रमुख एवं कार्यकारी अधिकृत
खाँदबारी नगरपालिका, संखुवासभा

धन्यवाद ।